# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/१८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------------

जिल्ला काठमाडौं, साविक विष्णु बुढानिलकण्ठ गा.वि.स. वडा नं. ६ हाल बुढानिलकण्ठ नगरपालिका, वडा नं. ४ स्थित हालसाविक गर्नुपर्ने जग्गा, तत्कालिन अवस्थामा नापी कार्यालय, चावहिल अन्तर्गत २ नं. नापी टोली, बुढानिलकण्ठमा कार्यरत रही हाल नापी कार्यालय, नवलपरासीमा कार्यरत राष्ट्रसेवक नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठले बुझबुझारथ गर्नुपर्ने सेवाग्राहीहरूका जग्गा सम्बन्धी सक्कल फाईलहरू बुझबुझारथ नगरी आफ्नै साथमा राखी विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले निज राष्ट्रसेवक नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठले रू.३०,०००।-(तिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज राष्ट्रसेवक नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रसेवक नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठलाई रू.३०,०००।- (तिस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता